# आमचोक गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

वालंखा, भोजपुर

प.स :२०७८/०७९
च. नं.: ९६१

प्रदेश नं. १

मिति: २०७९/०१/०९

श्री अध्यक्ष ज्यू
श्री उपाध्यक्ष ज्यू
श्री वडा अध्यक्ष ज्यूहरु(सबै)
श्री गाउँपालिकाका सदस्य ज्यूहरु,

**विषय: खप्ने सामानहरु बरबुझारथ गरि सहयोग गरिदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा सम्मानित निर्वाचन आयोगले स्थानीय तह निर्वाचनको मिति यहि २०७९ वैशाख ३० गते घोषणा गरिसकेको व्यहोरा जानकारी नै छ। सो सम्बन्धमा सम्मानित आयोगको सम्बन्धी प्रेस विज्ञप्ति २०७८-१२-१६ मा स्थानीय तह निर्वाचनमा उमेद्वार हुँदा स्वघोषणा गर्नु पर्ने व्यवस्था छ।

उक्त प्रेस विज्ञप्तिको बुदाँ नं. (ट) मा "स्थानीय तहलाई कुनै जिन्सि वा नगदि बुझाउन बाँकी नरहेको" भन्ने व्यवस्था रहेकाले यस पालिकाका जनप्रतिनिधि ज्यूहरुले आफु निर्वाचित भैसके पछि आफ्नो जिम्मामा रहेका खप्ने मालसामान (कम्प्यूटर, ल्यापटप, मोटरसाइकल, मोबाइल, टेवल, कुर्सि लगायत) बुझिलिनु भएको छ र सो सामान वडा बाट निकास भएको बजेट बाट खरिद गरिएको हो भने सम्बनधित वडा कार्यालयमा भरपाई गरि बुझाई त्यस्को एक प्रति गाउँपालिकाको जिन्सि शाखामा बुझाईदिन हुन साथै गाउँपालिकाको जिन्सी शाखा बाट खरिद भई बुझिलिनु भएको खप्ने मालसामानको हकमा गाउँपालिकाको जिन्सी शाखामा मालसामान ल्याई भरपाई गरि यथाशक्य चाँडो बुझाईदिन हुन अनुरोध छ।

सञ्जयराज तामाङ्ग
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**:
श्री जिन्सी शाखा : जनप्रतिनिधिज्यूहरुले बुझाउनु भएको मालसामानको विवरण दुरुस्त राख्न हुन।
श्री सूचना प्रविधि अधिकृत: यो सूचना वेवसाइट र आधिकारिक फेसवुक पेजमा अपलोड गरिदिन हुन।

इमेल:ito.aamchowkmun@gmail.com, info@aamchowkmun.gov.np
Website: www.aamchowkmun.gov.np Facebook: facebook.com/aamchowk.gaunpalika